**प्रस्तावः मिति २०७७/०९/२८ गते मङ्गलबार, ९६ औ कार्यपालिका बैठक**

१. घर नक्सा अभिलेखीकरण सम्वन्धमा
२. "घ" वर्ग सम्वन्धमा
३. अस्फाल्ट प्लान्ट राख्नको लागि अनुमति सम्वन्धमा
४. जुरुट्टे खानेपानी डिपबोरिङमा विद्युत मिटर जडानको धरौटी रकम सम्वन्धमा
५. आर्थिक सहयोग सम्वन्धमा
६. विद्यालय लागत सहभागिता सम्वन्धमा
७. लागत सहभागिताका योजनाको सूचना सम्वन्धमा
८. विशेष अनुदान तथा समपुरक अनुदानका सम्वन्धमा
९. कार्यविधि सम्वन्धमा
१०. शुभकामना सम्वन्धमा
११. स्वास्थ्यलाभको कामना
१२. पदपूर्ति सम्वन्धमा

**निर्णय नं. १ः**

घोराही उपमहानगरपालिकाको मिति २०७६/०२/०५ मा प्रकाशित घर नक्सा अभिलेखीकरण सूचना अनुसार घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा घर नक्सा अभिलेखीकरणका लागि मिति २०७६/०६/०५ सम्म दर्ता भएका तर विविध कारणवश अभिलेखीकरण हुन नसकेका निवेदनहरुको सम्वन्धमा देहाय अनुसार गरी अभिलेखीकरण गर्ने ।

तपशिलः

१. हाइवे तथा भित्रि बाटोहरुमा अभिलेखीकरणको लागि नाला बाहेक १ मिटर को दुरी पछी घरको संरचना भएको खण्ड मा अभिलेखीकरण को लागि स्वीकृत दिएको, तर १ मिटर कम भएको र घरको कुनै पनि भाग ले बाटो को छेत्राधिकार, सार्बजनिक जग्गा, कुलो, संधियारको जग्गा नमिचेको खण्डमा अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने ।
२. तत्कालिन समयमा ६ मिटर वा सो भन्दा कम भित्रि सडक भयका घरहरु को समेत नक्सापास भएको तर हाल न्यूनतम ७ मिटर मापदण्ड तोकिएकाले अभिलेखीकरण हुन नसकेको घरहरुका सम्बन्धमा २०७२ सालदेखि ७ मिटर को मापदण्ड कायम भएकाले सो समय अबधि भन्दा पहिले बनेका घरहरुलाई संधियारको घर नक्सापास भैसकेको भए त्यसको आधारमा अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने।त्यसका लागि घर निर्माण सम्पन्न भएको मिति २०७२ भन्दा अगाडी रहेको विवरण सम्वन्धित वडाबाट खुलाई ल्याउनुपर्ने समेत व्यवस्था गर्ने ।

३. तत्कालिन मापदण्ड र भवन अनुमति नियम अनुसार नक्सापास भएका तर त्यस पछी तला थप भएका हुनाले नयाँ मापदण्ड बमोजिम तला थपको सम्पन्न दिन नमिलेका घरहरुको लागि ३ तलासम्म घर निर्माण भएका घरहरुलाई अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने, त्यस्ता घरहरु अब उप्रान्त तला थप गर्ने निबेदन सहित आएमा Retrofitting को लागी प्रेरित गर्ने र २०% राजस्व छुट (भूकम्प प्रतिरोधी शिर्षकमा छुट भएको व्यवस्था अनुसार) गर्ने व्यवस्था मिलाउने ।

४. ३ तला माथी बनेका घरहरुको अभिलेखीकरण गर्दा जमिन तला सहित ३ तला सम्म मात्र अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने ।

५. मूल बाटो ७ मिटर वा सो भन्दा बढी भई जग्गा जग्गा किनेको अबस्थामा जग्गाधनीको सहमति विना दाँयाबाँया तर्फबाट पुनः बाटो खोली उक्त बाटोलाई न्यूनतम मापदण्ड पुर्याउन खोज्दा अभिलेखीकरण/ नक्सापासमा समस्या देखिएको र यस विषयमा मूलबाटोसंग जोडिएका जग्गा धनीको समेत सहमति नभएकोले जग्गाधनीको सहमति विना दाँयाबाँया तर्फ खोलेका सडकहरूको न्यूनतम मापदण्ड पुर्याउने जिम्मेवारी बाटो खोल्ने पक्षमा रहने गरी मूलबाटोसंग मापदण्ड पुगेका घरहरुको अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने।

**<u>निर्णय नं. २:</u>**

यस घोराही उपमहानगरपालिकाकोले बनाएको “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको हेरी घोराही १५ स्थित एस.पी. निर्माण सेवा एण्ड सप्लायर्स का प्रो. जिवमाया वली बुढाथोकी, घोराही १५ स्थित ड्रिम विल्ड इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.का प्रो. नितु पुन मगर र घोराही १५ स्थित राना ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि.का प्रो. तिलक रानालाई “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने।

**<u>निर्णय नं. ३:</u>**

घोराही उपमहानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. २३७९, मिति २०७७/०९/१९को पत्रानुसार सडक कालोपत्रे गर्ने कार्यका लागि घोराही उपमहानगरपालिका १६ नं. वडा बस्ने तिरुपाते निर्माण सेवा प्रा.लि.का प्रो. प्रविण कुमार भण्डारीले मेरो आमा बोधा कुमारी भण्डारीको नाममा दर्ता श्रेष्ता भएको रावतगाउँ ३ 'ग' कि.नं. १४९ ब.मि. ११७८ जग्गामा अस्फाल्ट प्लान्ट राख्ने माग बमोजिम सडक कालोपत्रे गर्ने कार्य आवधिभरका लागि उपर्युक्त जग्गामा अस्फाल्ट प्लान्ट राख्न अनुमति दिन सम्वन्धित निकायमा सिफारिस गर्ने।

**निर्णय नं. ४:**

घोराही उपमहानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. २१३३, मिति २०७७/०९/०७ को पत्रानुसार जुरुट्टे खानेपानी डिपबोरिङको लागि ट्रान्सफर्मर खरिद गरि जडान गर्ने कार्य सम्पन्न भएको र उक्त खानेपानी डिपबोरिङ सार्वजनिक जग्गामा भएकोले मिटर जडान गर्नको लागि धरौटी रकम जम्मा गर्नुपर्ने भएको हुँदा मिटर जडान गर्दा लाग्ने मिटरबक्स खरिद सहित धरौटी रकम रु. ९६००० विविध शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ५:**

घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क्र.स. | संस्थाको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | मानव सेवा आश्रम ( मेची महाकाली यात्रा) | १०००००।०० | अन्य संस्था सहायता | |
| २. | मानव कल्याण समाज ( सहयोगापेक्षी सडक मानव उद्दार, पुनर्स्थापना, उपचार तथा पुनर्मिलन एवं संचेतना कार्यक्रम) | ५०००००।०० | अन्य संस्था सहायता | |
| ३. | थारु कल्याणकारिणी सभा, दाङ (माघी मनाउने) | १२५०००।०० | कला,साहित्यिक, सांस्कृति कार्यक्रम प्रवर्द्धन सहयोग(पर्यटन तथा संस्कृति प्रवर्द्धन सि.नं.३, २५३१५) | |
| ४. | नेपाल मगर संघ ( माघी मनाउने) | १२५०००।०० | कला,साहित्यिक, सांस्कृति कार्यक्रम प्रवर्द्धन सहयोग(पर्यटन तथा संस्कृति प्रवर्द्धन सि.नं.३, २५३१५) | |
| ५. | संस्कृति संरक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र ( थारु बटकुही (लोक कथा)अध्ययन) | ५०००० | कला,साहित्यिक, सांस्कृति कार्यक्रम प्रवर्द्धन सहयोग(पर्यटन तथा संस्कृति प्रवर्द्धन सि.नं.३, खर्च शिर्षक नं. २५३१५) | |
| ५. | थारु पत्रकार संघ ( वार्षिकोत्सव मनाउने) | ३००००।०० | अन्य संस्था सहायता | |
| ६. | तुल्सी चौधरी ( उपचार खर्च) | २५०००।०० | अन्य सहायता | |

**निर्णय नं.६ :**

६.१ श्री गंगा माध्यमिक विद्यालय रामपुरको च.नं.७०, मिति २०७७/०९/२७ को प्राप्त पत्रानुसार प्रदेश सरकार लुम्बिनी प्रदेश शिक्षा तथा सामाजिक विकास निर्देशानालयको मिति २०७७/०९/१९ को सूचना बमोजिम आ.व. २०७७/०७८ मा विद्यालयमा भौतिक निर्माण कार्यक्रम अन्तर्गत मा.वि. गंगा माध्यमिक विद्यालय रामपुरलाई २ कोठे भवन निर्माणका लागि २००००००।०० विनियोजन भएको हुँदा सो योजनाको सम्झौताका लागि विद्यालयलाई प्राप्त बजेटमा १५% (रु.३०००००) सहभागिता घोराही उपमहानगरपालिकाको तर्फबाट व्यहोर्ने।

६.२ प्रदेश सरकार लुम्बिनी प्रदेश शिक्षा तथा सामाजिक विकास निर्देशानालयको मिति २०७७/०९/१९ को सूचना बमोजिम आ.व. २०७७/०७८ मा विद्यालयमा भौतिक निर्माण कार्यक्रम अन्तर्गत बालविकास मा.वि. नयाँबजारलाई शौचालय निर्माणका लागि ६,५४,०००।०० विनियोजन भएको हुँदा सो योजनाको सम्झौताका लागि विद्यालयलाई प्राप्त बजेटमा १५% (रु.९८,१००) सहभागिता घोराही उपमहानगरपालिकाको तर्फबाट व्यहोर्ने।

**निर्णय नं. ७:**

घोराही उपमहानगरपालिकाबाट चालु आ.व. २०७७/०७८ मा लागत सहभागिताबाट संचालन हुने आयोजनाहरु छनौट गर्न उपभोक्ताहरुको जानकारीको लागि १५ दिने सूचना प्रकाशन गर्ने।

**निर्णय नं. ८:**

घोराही उपमहानगरपालिकामा आ.व. ०७८/०७९ मा तपशिल बमोजिमका आयोजनाहरु संघ सरकारको विशेष अनुदान एवं समपुरक अनुदान सहायता अन्तर्गत संचालन गर्न विशेष अनुदान सम्वन्धी कार्यविधि २०७६ को अनुसूची-१ एवं समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७६ को अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय योजना आयोगमा माग गरि पठाउने ।

तपशिल

१. विशेष अनुदान अन्तर्गत संचालन हुने आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | धर्ना स्वास्थ्य चौकी | ५ | |
| २. | सिमलतारा विद्यालय, बालविकास माध्यामिक विद्यालय, गोरक्ष रत्नाथ मा.वि भवन निर्माण | १,१४,१७ | |
| ३. | सोरेठी खानेपानी योजना, तेरौटे खानेपानी योजना | २, १६ | |

२. समपुरक अनुदान अन्तर्गत संचालन हुने आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | कनरे देखि दल्जितपुर विद्यालय सम्म सडक पिच निर्माण, भैसाहीचोक देखि गैरागाउँ हुदै सर्रा जोड्ने सडक पिच र कटुवाखोला शंखेपिपलदेखि १८ नं.वडा कार्यालय हुदै अम्बिकेश्वरी जोड्ने सडक पिच | ७,५-१७,१६-१५,१८ | |
| २. | आधारभूत विद्यालय बेलघारी, प्रा.वि. खुङकोट भवन निर्माण | १८,११ | |
| ३. | वडा कार्यालय भवन निर्माण | | |

**<u>निर्णय नं. ९:</u>**

घोराही उपमहानगरपालिका अन्तर्गत स्वास्थ्य प्रवर्द्धन शाखाबाट पेश भएको "उपप्रमुख खुत्रुके कार्यविधि २०७७" पारित गर्ने ।

**<u>निर्णय नं. १०:</u>**

नेपालीहरुको चाड माघी पर्व २०७७ को अवसरमा सम्पूर्ण आदरणीय नगरवासी महानुभावहरुमा सुख, शान्ति, सम्वृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्ने।

**<u>निर्णय नं. ११:</u>**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना (कोभिड -१९) को संक्रमणबाट घोराही उपमहानगरपालिकाका जनप्रतिनिधि, कर्मचारी एवं नगरवासीहरु संक्रमित भई उपचार तथा सेल्फ आइसोलेसनमा बस्नु भएका सम्पूर्ण नगरवासी, जनप्रतिनिधि एवं कर्मचारीहरुको स्वास्थ्यलाभको कामना गर्ने।

**<u>निर्णय नं. १२:</u>**

प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश बुटवल नेपालको च.नं. २१५, मिति २०७७/०९/१९ को पत्रमार्फत स्थानीय तहमा रिक्त पदपूर्तिका लागि माग आकृति फाराम भरी पठाउन लेखी आएकोले यस घोराही उपमहानगरपालिकामा सबै तहमा रिक्त रहेका प्राविधिक/अप्राविधिक पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेश बुटवलमा माग आकृति फाराम भरी पठाउने ।